**प्रस्ताव एवं निर्णयहरु:**

२०७९।०८०-११।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा।

२०७९।०८०-११।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०७९।०८०-११।०३ स्थापना दिवशको खर्च भुक्तानी सम्बन्धमा ।

२०७९।०८०-११।०४ पालिकाभित्रको ढुडंगा माटो विक्रिको प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन उपर छलफल सम्बन्धमा ।

२०७९।०८०-११।०५ REED वुटवलबाट पेश भएको गाउँपालिका तहको कृषि तथा पशु सेवा केन्द्र भवनको विस्तृत परियोजना प्रतिवेदन स्विकृत सम्बन्धमा ।

२०७९।०८०-११।०६ तहवृद्धि सम्बन्धमा ।

२०७९।०८०-११।०७ गण्डकी प्रदेश सरकारमा समपुरक र विशेष अनुदानको योजना छनौट सम्बन्धमा।

२०७९।०८०-११।०८ रूपा गाउँपालिकाको बार्षिक क्यालेन्डर विमोचन सम्बन्धमा ।

२०७९।०८०-११।०९ रूपाकोट अस्पतालमा स्वास्थ्य बीमा लागु गर्ने सम्बन्धमा ।

२०७९।०८०-११।१० किसान सूचिकरण कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

२०७९।०८०-११।११ आव २०८०।०८१ को बार्षिक बजेट तर्जुमा सम्बन्धमा ।

२०७९।०८०-११।१२ आय ठेक्काको १० प्रतिशत रकम फिर्ता सम्बन्धमा।

२०७९।०८०-११।१३ रामकोट मावि धरौटी रकम फिर्ता सम्बन्धमा।

२०७९।०८०-११।१४ जग्गा वर्गिकरण तथा सार्वजनिक जग्गाको लगत कायम गर्ने सम्बन्धमा।

२०७९।०८०-११।१५ विविध सम्बन्धमा:

- गाउँसभाबाट स्विकृत योजनाहरुमा अनुदानमा जाली वितरणको सम्बन्धमा ।
- विद्युत महशुल अनुदान भुक्तानी सम्बन्धमा ।
- सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।
- एक घर एक टनेल कार्यक्रमलाइ एक घर एक कृषि कार्यक्रममा रकामान्तर गर्ने।
- रामकोट खानेपानी मा ३ लाख बजेट सम्बन्धमा ।
- घर कायमको लागि सहजिकरण सम्बन्धमा ।

**निर्णयहरु:**

**कार्यपालिका निर्णय नं २०७९।०८०-११।०१**

प्रस्ताव नं २०७९।०८०-११।०१ माथी छलफल गर्दा आर्थिक प्रशासन शाखाबाट पेश भएको हालसम्मको गाउँपालिकाको आम्दानी खर्चको विवरण अनुमोदन गरी पूँजिगत खर्च वृद्धि गर्न आबश्यक पहलकदमीको लागी कार्यालयलाइ निर्देशन दिने ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-११।०२**

प्रस्ताव नं २०७९।०८०-११।०२ माथी छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा हाल सेवा प्रवाह प्रभावकारी बन्दै गएकोमा सो कार्यलाइ निरन्तर सुधारको लागि कार्यालयलाइ निर्देशन दिने ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-११।०३**

प्रस्ताव नं २०७९।०८०-११।०३ माथी छलफल गर्दा स्थापना दिवशकोका बिबिध कार्यक्रम तर्फ भएको निम्नानुसारको खर्च अनुमोदन गरी सोको फरफारक तथा भुक्तानी दिन कार्यालयलाइ निर्देशन प्रदान गर्ने निर्णय गरियोः

निम्नः

| क्र.सं. | शिर्षक | कूल खर्च रकम |
|---|---|---|
| १ | भलिवल खेल संचालन | ४,०९,२०० |
| २ | झाँकी प्रतियोगिता संचालन | ६,०१,००० |
| ३ | माला प्रतियोगिता संचालन | २०,३२७ |
| ४ | साउण्ड सिस्टम | ४७,१२० |
| ५ | भलिवल जर्सी | ७२,६०० |
| ६ | फोटो तथा भिडियो ग्राफी | १,०९,५०० |
| ७ | मायाको कोसेली/चिनो | ५५,७०० |
| ८ | पानी | ६,१०० |
| ९ | खाना खाजा | २,०५,३८० |
| १० | ढुवानी खर्च | २०,००० |
| ११ | स्टेज निर्माण तथा टेन्ट भाडा | ९१,६०० |
| १२ | प्रमाणपत्र ट्रफि ताम्रापत्र अन्य छपाई | १,३७,८४० |
| १३ | स्वयंम् सेवक खर्च | ४०,००० |
| १४ | अन्य विविध खर्च | ३९,६१५ |
| जम्मा खर्च | | १८,५५,९८२ |
| | पेश्की रकम | ९,००,००० |
| | भुक्तानी बाँकी | ९,५५,९८२ |

**कार्यपालिका निर्णय नं २०७९।०८०-११।०४**

प्रस्ताव नं २०७९।०८०-११।०४ माथी छलफल गर्दा गाउँपालिकाभित्रको ढुङगा, माटो विक्रि गरी आन्तरिक आय अभिवृद्धिको लागी गरिएको प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी सुझाव प्रदान गरियो साथै उक्त सुझावहरु समेटेर आगामी कार्यपालिका बैठकमा पेश गर्न परामर्शदातालाइ निर्देशन दिने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-११।०५**

प्रस्ताव नं २०७९।०८०-११।०५ माथी छलफल गर्दा REED परियोजना वुटवलबाट पेश भएको गाउँपालिका तहको कृषि तथा पशु सेवा केन्द्र भवनको विस्तृत परियोजना प्रतिवेदन स्विकृत गरी सो भवनको नक्सा पासको लागी सम्बन्धित कार्यालयमा लेखी पठाउने निर्णय गरियो ।

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०७९।०८०-११।०६**

प्रस्ताव नं २०७९।०८०-११।०६ माथी छलफल गर्दा गण्डकी प्रदेश सरकारबाट स्वीकृत स्थानीय सेवाको गठन, सञ्चालन, र सेवाका शर्त सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन, २०७९ को अधिनमा रही प्रशासन शाखाबाट पेश भएका तपसिलका कर्मचारीहरुको निर्णय भएको मितिदेखी लागूहुने गरी तहवृद्धि/तह मिलान गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र स | नाम थर | हालको/समायोजन भएको | | सुरु नियुक्ती मिति | समायोजन भएको मिति | तहवृद्धि/तह मिलान हने | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पद | तह | | | पद | तह | |
| १ | सन्दिप पौडेल | शाखा अधिकृत | अधिकृतस्तर सातौं | २०७४/०९/२८ | २०७५/१२/१० | शाखा अधिकृत | अधिकृतस्तर आठौं | तह वृद्धि |
| २ | महेश लामिछाने | सहायक | सहायकस्तर पाँचौ | २०७३/०८/१७ | २०७५/११/३० | अधिकृत | अधिकृतस्तर छैठौं | तह वृद्धि |
| ३ | रुद्र बहादुर थापा | सहायक | सहायकस्तर पाँचौ | २०७४/१०/२४ | २०७५/११/३० | अधिकृत | अधिकृतस्तर छैठौं | तह वृद्धि |
| ४ | हिरामणी घिमिरे | ना.प.से.प्रा | सहायकस्तर चौथो | २०७४/०१/२४ | २०७६/०१/१९ | पशु सेवा प्राविधिक | सहायकस्तर पाचौं | दरबन्दि मिलान सहित माथिल्लो तह कायम |

**कार्यपालिका निर्णय नं २०७९।०८०-११।०७**

प्रस्ताव नं २०७९।०८०-११।०७ माथी छलफल गर्दा गण्डकी प्रदेश सरकारमा समपुरक र विशेष अनुदानको योजनाहरु पेश गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-११।०८**

प्रस्ताव नं २०७९।०८०-११।०८ माथी छलफल गर्दा रूपा गाउँपालिकाको बार्षिक क्यालेन्डर विमोचन गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-११।०९**

प्रस्ताव नं २०७९।०८०-११।०९ माथी छलफल गर्दा रूपाकोट अस्पतालमा स्वास्थ्य विमा लागु गर्न स्वास्थ्य शाखाबाट पेश भएबमोजिमको कार्यविधि स्विकृत गरी आवश्यक प्रक्रिया अगाडी वढाउन स्वास्थ्य शाखालाइ निर्देशन दिने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-११।१०**

प्रस्ताव नं २०७९।०८०-११।१० माथी छलफल गर्दा किसान सूचिकरण कार्यक्रम कार्यक्रम सुचारू गर्न कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-११।११**

रुपा गाउँपालिका कास्की

प्रस्ताव नं २०७९।०८०-११।११ माथी छलफल गर्दा आर्थिक बर्ष २०८०।०८१ को बार्षिक बजेट तर्जुमा सम्बन्धमा निम्नानुसारको निर्णयहरु गर्ने:

निम्न:

अ) स्रोत अनुमान तथा बार्षिक बजेट तर्जुमा समितिको बैठकको लागि सीमा देहायबमोजिम रहने:

देहाय:

क) वित्तिय समानीकरण संघीय सरकार रु ७ करोड ८० लाख

ख) वित्तिय समानीकरण गण्डकी प्रदेश सरकार रु ९४ लाख ६० हजार

ग) राजश्व वाँडफाँड संघीय सरकार रु ६ करोड ७३ लाख १३ हजार ३००

घ) राजश्व बाँडफाँड गण्डकी प्रदेश सरकार रु ४८ लाख ४ हजार

ङ) आन्तरिक स्रोतः अनुमान १ करोड गरी

च) कुल जम्माः १६ करोड ९५ लाख ७७ हजार ३०० मात्र ।

आ) सोही सीमामा रहेर विषयगत समितिहरुलाइ आवश्यक सिफारिस सहित बजेट खाका पेश गर्न निर्देशन गर्ने ।

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-११।१२</u>**

प्रस्ताव नं २०७९।०८०-११।१२ माथी छलफल गर्दा नदिजन्य पदार्थ उत्खनन्नको लागी गाउँपालिकाबाट स्विकृत भएको आय ठेक्का सूचना तथा सम्झौता अनुसारको १० प्रतिशतले हुन आउने रकम सम्बन्धित व्यवसायीलाइ रकम फिर्ता दिने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-११।१३</u>**

प्रस्ताव नं २०७९।०८०-११।१३ माथी छलफल गर्दा रामकोट मावि रूपा ७ को नमुना विद्यालय अन्तर्गत रहेको धरौटी रकम फिर्ताको सम्बन्धमा नियमानुसार गर्नेगरी कार्यालयलाइ निर्देशन गर्ने ।

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-११।१४</u>**

प्रस्ताव नं २०७९।०८०-११।१४ माथी छलफल गर्दा जग्गा वर्गिकरण तथा सार्वजनिक जग्गाको लगत कायम गर्ने कार्य परामर्शदातामार्फत अगाडी वढाउने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-११।१५</u>**

प्रस्ताव नं २०७९।०८०-११।१५ माथी छलफल गर्दा निम्नानुसारको निर्णयहरु सहित आजको बैठक समापन गर्ने:

निम्न:

क) गाउँसभाबाट स्विकृत योजनाहरुमा पहिलो प्राथमिकतामा रहेर पालिकाबाट खरिद भएका ग्याविन जाली सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा गाउँपालिकाअध्यक्षको निर्णयअनुसार वितरण गर्ने।



रुपा गाउँपालिका कास्की

ख) न्यूनतम विद्युत खपत गर्ने गाउँपालिकाभित्र स्थाइ बसोबास भएका घरधुरीहरुको नेपाल विद्युत प्राधिकरणमा महशुल तिरेको विलको आधारमा अनुदान उपलब्ध गराउने गरी कागजाहरु पेश गर्न सातवटै वडा समितिहरुलाइ निर्देशन दिने ।

ग) सुरक्षित नागरिक आवास कार्यक्रमका लाभग्राहीहरुलाइ चालू आवको अन्तसम्ममा भुक्तानीको लागी जानकारी गराउन सवै वडा समितिलाइ निर्देशन दिने ।

घ) एक घर एक टनेल कार्यक्रमलाइ एक घर एक कृषि कार्यक्रममा रकामान्तर गर्ने।

ङ) रामकोट खानेपानी वडा नं ७ को लागि खानेपानी मर्मत शिर्षकबाट रू ३ लाख बजेट व्यवस्थापन गर्ने ।

च) घर कायमको लागी सम्बन्धित घरधनि आफैले नेपाल सरकारबाट स्विकृत ईन्जिनियरबाट हालको घरको नक्सा तयार गराइ सम्बन्धित वडा कार्यालयहरु मार्फत गाउँपालिकामा पेश गराउन वडा कार्यालयहरूलाइ निर्देशन दिने ।

मिति २०८० बैशाख ७ गते बसेको १३१ औ गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(सन्तोष ढुङ्गाना)

प्रमुख प्रशासकीय अधिकृत

रुपा गाउँपालिका कास्की

रुपा गाउँपालिका